# माछापुच्छ्रे गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की

# आ.व २०७९।०८० को
# वार्षिक समिक्षा प्रतिवेदन

मिति २०८० श्रावण ११ गते

# <u>आर्थिक प्रशासन</u>

## <u>आ.ब. २०७९।८० को आय र व्यय विवरण</u>

| सि. नं. | अनुमानित आय | वास्तविक आय | खर्च भएको रकम | संघ तथा प्रदेश फिर्ता रकम | बैंक मौज्दात |
|---|---|---|---|---|---|
| १ | ७२३८७०३७४.२५ | ६८३९११९७०६.१८ | ५७५५६०५५१.८५ | ३५३८६०५८.७४ | ७२९९०९९६.७४ |

## <u>आ.ब.२०७९।८० को वित्तीय प्रगति</u>

| सि. नं. | बजेटको विवरण | विनियोजित बजेट (रु.) | खर्च भएको रकम (रु.) | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु तर्फ | ४६,५९,५३,४१३.२५ | ३८,०२,१५,५५९.२२ | ८१.५९ |
| २ | पूँजीगत तर्फ | २५,७९,१६,९६१ | १९,५३,४४,९९२.६३ | ७५.७३ |
| जम्मा | | **७२,३८,७०,३७४.२५** | **५७,५५,६०,५५१.८५** | **७९.५१** |

**३ करोड ९९ लाख ५० हजार ६६८ प्राप्त हुन बाँकी (समानीकरण, राजस्व बाँडफाँड अन्य अनुदान र दहत्तर बहत्तर शुल्क )**

## <u>बेरुजु सम्बन्धमा</u>

| सि. नं. | आ.ब. | अनियमित भएको बेरुजु | प्रमाण पेश नभएको | पेश्की बेरुजु | असुल उपर गर्ने बेरुजु | जम्मा बेरुजु |
|---|---|---|---|---|---|---|
| १ | २०७८।७९ | ४१,८८,००० | १,९१,१९,००० | ५,८६,००० | २८,३३,००० | २,६७,२६,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २०७७।७८ सम्मको कुल बेरुजु | | | | | ४,७७,५९,००० |
| **हालसम्मको बेरुजु** | | | | | | **७,४४,८५,०००** |

**<u>बेरुजु फर्छ्यौटको प्रगति</u>**

| सि नं | आर्थिक बर्ष | बेरुजु रकम | फर्छ्यौट भएको रकम |
|---|---|---|---|
| १ | २०७४।७५ | ७३,५८,००० | २५,३७,२६२ |
| २ | २०७५।७६ | १,८१,१५,००० | ४७,८४,००० |
| ३ | २०७६।७७ | ३,३१,४१,००० | २,७२,२७,००० |
| ४ | २०७७।७८ | २,१४,१२,००० | ३०,९१,५८८ लेखा समितिको सिफारिशमा गाउँसभाले नियमित गर्ने अनुमोदन गरी मलेप समक्ष पेश गरेको तर फर्छ्यौट भइ नसकेको |
| ५ | २०७८।७९ | २,६७,२६,००० | ४२,९३,१४०.६२लेखा समितिको सिफारिशमा गाउँसभाले नियमित गर्ने अनुमोदन गरी मलेप समक्ष पेश गरेको तर फर्छ्यौट भइ नसकेको |

# <u>राजश्व संकलनको अवस्था</u>

आ.व. २०७८/०७९ मा गाउँपालिका र वडा कार्यालयहरुबाट **रु ५३,७८,९८१।-(अक्षरुपी त्रिपन्न लाख अठत्तर हजार नौ सय एकासी मात्र)** भएकोमा यस आ.व. २०७९।०८० मा सोही अवधिमा राजश्व असुलीमा वृद्धि भई गाउँपालिका र वडा कार्यालयहरुबाट विभिन्न शीर्षकमा **रु ७९,९०,४३७ (अक्षरुपी उन्नानअसी लाख नब्बे हजार चार सय सैत्तिस रुपैयाँ मात्र)** पुगेको देखिन्छ र गाउँपालिकाका विभिन्न घाटहरुको आय ठेक्का प्रक्रिया समेत गरी कुल **१,९०,८०,०००(अक्षरुपी एक करोड नब्बे लाख असी हजार)** प्राप्त भएको छ ।

माछापुच्छ्रे गाउँपालिकाको चार वटा घाट **लाहाचोक घाट, घाचोक घाट, समिबगर दोबिल्ला घाट र दोबिल्ला नयाँपुल घाटको** ठेक्का बन्दोबस्त गर्न E-bid प्रक्रिया मार्फत ३० दिने रास्ट्रिय स्तरको बोलपत्र आहवान गरि सम्झौता भई आय बन्दोबस्तको काम सम्पन्न भएको छ ।

**उक्त घाट हरुबाट निम्न अनुसारको राजश्व संकलन भएको छ**

लाहाचोक घाट : **४,२९,२५०.००।-**

घाचोक घाट : **२८१६०१६.४४।-**

दोबिल्ला नयापुल : **४५,००,०००.०० (** १५ लाख बाकी राजस्वको जफतको लागि बैंक लाई ताकेता गरि सकिएको )

समिबगर दोबिल्ला घाटको दोश्रो पटकको सुचना गर्दा समेत कुनै बोलपत्र दाखिला नभएको हुँदा कार्यापालिका बैठकबाट उक्त घाटको आय संकलन गर्न कर्मचारी नियुक्ति गरि **९,८०,०००.००** राजश्व जम्मा भएको छ ।

# भौतिक पुर्वाधार / योजना तथा अनुगमन

**संघ समपुरक योजना**

क) कोलचोक-रातोपानीपुल-भलावोट-पानपातेचौतारी-गाउँपालिका केन्द्र (लाहाचोक)-जोगिचौर-पातिखोला-भिडाबारी (एन्फा टेक्निकल सेन्टर)-गैरागाउँ-धिताल-धम्पुस देउराली बजेट **१ करोड ६० लाख** को सडकको सम्झौता भएको तथा उक्त कामको

- लाहाचोक — जोगिचौर खण्ड भौतिक प्रगति १०० % भएको छ
- कोल्चोक रातोपानी खण्ड ९०% सम्पन्न भएको छ
- धिताल खण्ड ८०% सम्पन्न भएको छ
- धम्पुस खण्ड ३० % सम्पन्न भएको छ

ख) गा पा संघ समपुरक गा पा केन्द्र जोगिचौर रिभान बाटो निर्माण सम्पन्न भएको छ ।

**प्रदेश समपुरक योजना**

- लुम्रे कुइवाङ सैंतीघट्टा सिधिङ कालिमाटी घलेल हुँदै लुम्रे सडक योजना (बजेट १ करोड ) सडकको सम्झौता भइ ८०% भौतिक प्रगति भएको छ ।

**संघ बिशेष**

- ल्वाङ्ग खोराकोमुख खानेपानी आयोजना ( बजेट ५० लाख ) भौतिक प्रगति ३०%
- संघ बिशेष- सार्दिखोला खानेपानी आयोजना (बजेट ५० लाख) भौतिक प्रगति ५०%

**प्रदेश बिशेष**

- नयाँपुल इदिखोला खानेपानी योजना ( बजेट ५० लाख ) भौतिक प्रगति ३०%

प्रशासकीय भवनको हाल सम्म सिभिल इन्जिनियरिंग काम ( माटो खन्ने काम ,पी सी सी काम ,आर सी सी काम ,डन्डीको काम , रंग रोगनकार्य, पार्किंग ), तथा स्यानिटेरीको काम र इलेक्ट्रिकलको काम सम्पन्न भइ भुक्तानी भएको तथा लिफ्टको काम निर्माण भएको उक्त कामको परिक्षण र भुक्तानी बाकी रहेको ,र बर्षातको पानीको निकाशको लागि भित्रि नाला निर्माण ८० % भएको

भौतिक प्रगति ९०% र वित्तीय प्रगति ८० % .

मूल बाटो देखि प्रशासकीय भवन सम्म बाटोको ९०% भौतिक प्रगति भएको ।

# शिक्षा

- वार्षिक शैक्षिक क्यालेण्डर, शैक्षिक बुलेटिन, शिक्षक पाठयोजना डायरी, विद्यार्थी गृहकार्य डायरी, विद्यार्थी मूल्याङ्कन अभिलेखिकरण पुस्तिका कक्षा १-३, शिक्षकको कार्यसम्पादन फाराम, TST डायरी लगायतका शैक्षिक सामग्री निर्माण, छपाई गरी वितरण गरिएको ।
- **स्थानीय पाठ्यक्रम** कक्षा १-८ निर्माण, छपाई गरी वितरण गरिएको ।
- स्थानीय पाठ्यक्रममा आधारित **पाठ्यपुस्तक** निर्माण, छपाई गरी वितरण गरिएको ।
- पालिकाको पाँच वर्षे **गाउँ शिक्षा योजना** निर्माण, छपाई गरी वितरण गरिएको ।
- नयाँ पाठ्यक्रम कक्षा ५, ८ र १० को प्रवोधिकरण **तालिम,** विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई क्षमता विकास तालिम, ईमिस फोकल पर्सन तलिम, गणित विषयको प्रश्नपत्र निर्माण तालिम जस्ता तालिम कार्यक्रमहरु सम्पन्न भएका छन् ।
- सामुदायिक विद्यालयका कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुलाई **सेनिटरी प्याड** वितरण तथा प्याड निर्माण तथा व्यवस्थापन सम्वन्धी विद्यालयका छात्रा, फोकल शिक्षक तथा विद्यालय सहयोगीलाई तालिम प्रदान गरिएको ।
- प्रधानाध्यापक प्रोत्साहन तथा उत्कृष्ट विद्यालय छनौट गरी प्रोत्सान पुरस्कार प्रदान गरिएको ।

# स्वास्थ्य

- समुदायमा आधारित क्षयरोग उपचार कार्यक्रम संचालन गरिएको FCHV लाई सहभागी गराइएको।
- पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिएको
- मुटु रोग /मृगौला रोग/ स्पेनल कर्ड इन्ज्युरी /गम्भिर टाउकाको चोट/पार्किन्सस/ अल्जाईमर/ क्यान्सर / सिकलसेल एनिमिया आदि रोगहरुको उपचार सहुलियतका लागि विभिन्न ३२ जनालाई सिफारिस गरिएको ।
- उपाध्यक्ष संग गर्भवती सुरक्षा कार्यक्रम अन्तर्गत १९० जना गर्भवती महिलाहरुलाई गर्भवती अबस्था सम्बन्धि खाराका चिन्हहरु सहित प्रसुती योजना समबन्धि अभिमुखीकरण कार्यक्रम गरिएको (१पटक)।
- गाउँपालिकाका सबै वडाहरुमा सबै महिलाहरुको पहुँच पुग्ने गरि पाठेघरको मुखको क्यान्सरको स्क्रिनिंग /स्तन क्यान्सरको स्क्रिनिंग गरिएको जहा १७३१ जना महिला लाभाम्वित भएका थिए भने ३७ जना suspected case / ५ cancer देखिने अबस्थामा रहेका हुदा उपचारको निम्ति रेफर गरिएको ।
- Setlight Family Planning services
- निः शुल्क आँखा शिविर सञ्चालन
- मातृ शिशु स्वास्थ्य कार्यक्रम

# व्यवसाय तथा सहकारी

- आर्थिक बर्ष २०७९/०८० श्रावण महिना देखि अषाढ मसान्त सम्म १२१ वटा व्यवसाय दर्ता भएका छन्
- आर्थिक बर्ष ०७५/०७६ देखि हाल सम्ममा व्यवसाय दर्ता संख्या जम्मा १२११ वटा रहेका छन् ।
- आर्थिक बर्ष २०७९/०८० अषाढ मसान्त सम्ममा व्यवसाय फर्महरु जम्मा २९९ वटा नबिकरण भएका छन्
- **सहकारी तर्फ** गत आर्थिक वर्ष २०७९/०८० मा २ वटा सहकारी संस्था दर्ता भएका छन् । माछापुच्छ्रे गाउँपालिकाबाट ९ वटा र सहकारी डिभीजनबाट ३७ वटा गरी हालसम्म जम्मा ४६ वटा सहकारी संस्था दर्ता भएका छन् र ४६ वटा सहकारी संस्था मध्ये २ वटा गाभिएर जम्मा ४४ वटा सहकारी संस्था दर्ता भएका छन् ।

- सहकारी संस्थाहरुको विवरण गतिविधिको नियमनकारी निकायले प्रत्यक्ष नियमन र अनुगमन गर्ने उद्देश्यले यस माछापुच्छ्रे गाउँपालिका अन्तर्गतका सम्पूर्ण सहकारी संस्थाहरुलाई COPOMIS प्रणाली तालिम सम्पन्न गरिएको छ।

## कृषि

- बाली पात्रो निर्माण
- २०० थान तरकारी बिउ(मिनिकिट) वितरण
- स्थलगत  घुम्ती तालिम
- आई.पि.एम कृषक पाठशाला
- बाली उपचार शिविर
- स्थाई प्लास्टिक घर निर्माण कार्यक्रम
- ५०% अनुदानमा कृषि कार्यक्रम
- ५०% अनुदानमा कृषि यान्त्रिकरण कार्यक्रम
- कृषि उपज संकलन केन्द्र व्यवस्थापन तथा संचालन कार्यक्रम
- जैविक/ प्राकृतिक प्रकोप बाट बाली क्षति भएकालाई राहत वितरण कार्यक्रम
- बिउ उत्पादन प्रोत्साहान कार्यक्रम
- कृषकको माग र आवश्यकतामा आधारित
- साना सिंचाई कार्यक्रम

## पशु सेवा

- ५०% अनुदानमा टियोसेन्टी र सुडान घाँसको बिउ वितरण
- दुग्ध कृषकलाई दुध उत्पादनको आधारमा प्रति लि १ रुपैया अनुदान कार्यक्रम
- ५०% साझेदारीमा गोठ र खोर सुधारमा अनुदान
- मेशिनरी खरिदमा ५०% अनुदान
- भेडा पालन कृषकलाई लजिस्टिक सहयोग
- लम्पी स्किन रोग विरुद्को खोप
- कुखुरापालन व्यवसायलाई जैविक सुरक्षा सामाग्रीहरु वितरण
- थुनेलो रोग नियन्त्रणका लागि स्थलगत नमुना संकलन परिक्षण सामाग्रीहरू खरिद
- निशुल्क रेविज खोप कार्यक्रम संचालण
- गाई भैसीमा बाँझोपन निवारण शिविर
- वडा नं ७,८ र ९ मा घुम्ति पशु स्वास्थ शिविर संचालन
- माग र आवश्यकताका आधारमा पशुपालन कृषकका लागि तालिम

- पशु सेवा प्रयोगशाला सामाग्री खरिद
- पशु सेवा केन्द्र मर्मत
- माछाको भुरा ढुवानीमा अनुदान
- बहुवर्षे भई तथा डाले घाँसका बेर्ना,बिरूवा बितरण

# प्रधानमन्त्रि रोजगार

- माछापुच्छ्रे गाउँपालिकामा आ.व २०७९/८० मा १८० जना सूचिकृत बेरोजगार रहेका थिए जसमा, १०१ जना पुरुष र ७९ जना महिला रहेको
- प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व २०७९/८० मा वडाहरुबाट विभिन्न रोजगार मुलक आयोजनाहरु माग भए बमोजिम १७ वटा आयोजना संचालनमा आएका र ति आयोजनामा गा.पा भित्रका १८० जना सूचिकृत बेरोजगार मध्ये ३० जना सूचिकृत वेरोजगार व्यक्तिलाई २५२९ रोजगार दिन उपलब्ध भई औसतमा ८४ दिनको रोजगारी प्रत्याभुत गराईएको र रोजगारी प्राप्त सबैको बैंक खाता खोली, सबैको पारिश्रमिक वापतको रकम बैंक खातावाट भुक्तानी भएको छ ।

# पञ्जिकरण तथा सा सु

## सामाजिक सुरक्षा

| क्र स | लक्षित समुह | नविकरण | नयाँ | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक | २१९५ | ३४५ | ११७८ | १३६२ | २५४० |
| २ | जे ना दलित | ३४१ | ५८ | १९२ | २०७ | ३९९ |
| ३ | जे ना ए महिला | ३०२ | २० | | ३२२ | ३२२ |
| ४ | विधवा | ३३० | ४१ | | ३७१ | ३७१ |
| ५ | पुर्ण अपाङ्ग | १५० | ८ | ८९ | ६९ | १५८ |
| ६ | अति अ अपाङ्ग | २२४ | ३२ | १४३ | ११३ | २५६ |
| ७ | दलित बालबालिका | ३७६ | १०९ | २६८ | २१७ | ४८५ |
| जम्मा | | ३९१८ | ६२१ | १८७० | २६६१ | ४५३१ |

**पञ्जिकरण**

| क्र स | जन्म | मृत्यु | सम्वन्ध विच्छेद | विवाह | बसाईसराई | जम्मा |
|---|---|---|---|---|---|---|
| | ८८३ | २३१ | ७९ | ३७२ | ८२ | १६४७ |
| | | | | | | |
| जटिल रोग उपचार खर्च | | | | | | |
| पहिलो त्रैमासिक ३३ दोस्रो ४३ तेस्रो ४८ चौथो ५१ गरि जम्मा १७५ जनालाई रकम रु २५१०००० वितरण । | | | | | | |

# न्यायिक समिति

- नियमित रुपमा हप्ताको १ दिन न्यायिक समितिको इजलास संचालन, आवश्यक परेको खण्डमा १ भन्दा बढी दिन पनि संचालन।
- विवाद दर्ता र यस सम्वन्धी अन्य आवश्यक प्रक्रियाहरु।
- मेलमिलापकर्ता हरुको नविकरण र नयाँ मेलमिलापकर्ता सुचिकृत गर्ने कार्य सम्पन्न।
- न्यायिक समिति अनुभव आदान प्रदान तथा अवलोकन भ्रमण सम्पन्न ।
- सुचिकृत मेलमिलाप कर्ताहरुका लागि ३ दिने पुनर्ताजगी तालिम सम्पन्न ।

# महिला तथा बालबालिका समाजकल्याण

- गाउँपालिका स्तरिय महिला सन्जाल र बाल सन्जाल गठन गरिएको ।
- बालिका बैक खाता सन्चालन कार्यक्रम अन्तर्गत आ.व ०७९/८० मा जन्म भएका ७१ जना बालिका लाई रु ५०००/- का दरले प्रदान गरिएको ।
- उच्च शिक्षा शैक्षिक छात्रवृति कार्यक्रम अन्तर्गत माछापुच्छ्रे गाउँपालिकामा स्थायी ठेगाना भएका सामुदायिक शैक्षिक संस्थामा स्नातक प्रथम बर्षमा अध्ययनरत ७ जना विद्यार्थि लाई १५०००/- का दरले छात्रवृति प्रदान गरिएको ।

- महिलाहरुका लागि ३ दिने नेतृत्व विकास तालिम सन्चालन गरिएको ।
- दलित तथा अति विपन्न विद्यार्थि सहयोग कार्यक्रम अन्तर्गत बालश्रम विरुद्धको दिवसको अवसरमा माछापुच्छ्रे गाउँपालिकामा स्थायी ठेगाना भएका कक्षा ११/१२ मा सामुदायिक शैक्षिक संस्थामा अध्ययनरत ५९ जना विद्यार्थिहरुलाई रु ४५०० का दरले छात्रवृति प्रदान गरिएको ।
- बालमैत्री स्थानीय शासन अवलम्वन कार्यक्रम(तथ्याङ्क संकलन) ।
- जेष्ठ नागरिक सन्जाल गठन गरिएको र जेष्ठ नागरिकको मनोरन्जन शिर्षकका निमित्त प्रत्येक वडामा टि.भी र कुर्ची वितरण गरिएको ।
- जेष्ठ नागरिक सन्जाल दलित सन्जाल गठन गरिएको ।
- आ.व ०७९/८० मा ४६ जनालाई व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको जसमा क वर्गको ८ जना ख वर्गको २३ जना ग वर्गको ११ जना र घ वर्गको ४ जना रहेका थिए।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि मागमा आधारित आर्यआर्जन मुलक कार्यक्रममा २१ जनालाई बाख्रा वितरण गरिएको ।

# उद्यम विकास सहजकर्ता

| क्र.सं. | तालिमको नाम | स्थान | प्रवधि | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | आधारभूत सिलाइकटाइ | वडा नं. १ | १२ थान सिलाइ मेशिन र कैंची | १२ जना |
| २ | मौसमी तथा वेमौसमी तरकारी खेती तालिम | वडा नं. १ | १५ थान पलाष्टिक टनेल | १५ जना |
| ३ | व्यवसायिक कुखुरापालन तालिम | वडा नं. २ | २२ थान ड्रिङ्कर फिडर सेट | ११ जना |
| ४ | खादीभाङरा बुनाई सम्बन्धि तालिम | वडा नं. २ | ९ थान तान | ९ जना |
| ५ | मौसमी तथा वेमौसमी तरकारी खेती तालिम | वडा नं. २ | १ थान ड्रम र १६ थान टनेल | १७ जना |

| | | | | |
|---|---|---|---|---|
| ६ | एड्भान्स सिलाईकटाई तालिम | वडा नं. ३ | ५ थान सिलाइ र ४ थान इन्टरलक मेशिन ४ थान कैची | ९ जना |
| ७ | होजियारी सम्बन्धि तालिम | वडा नं. ३ | २ थान होजियारी, सिलाइ र इन्टरलक मेशिन ९ थान कैची | २० जना |
| जम्मा | | | | ९३ जना |

| **क.सं.** | **तालिमको नाम** | **स्थान** | **सहभागी संख्या** |
|---|---|---|---|
| १ | मिक्स अचार बनाउने तालिम | वडा नं. ४ लाहाचोक | २७ जना |
| २ | मौसमी तथा वेमौसमी तरकारी खेती सम्बन्धि तालिम | वडा नं. ८ लुम्रे | १५ जना |
| जम्मा | | | ४२ जना |

| **क.सं.** | **प्रविधि** | **स्थान** | **सहभागी संख्या** |
|---|---|---|---|
| १ | थोपा सिचाइका लागि ड्रम | वडा नं. ४ लाहाचोक | ११ जना |
| २ | सिलाइ मेशिन | वडा नं. ९ सिदिङ | ६ जना |
| ३ | पलाष्टिक ट्नेल र हजारी | वडा नं. ८ लुम्रे | १५ जना |
| जम्मा | | | ३२ जना |

# सामी कार्यक्रम

- आत्महत्या रोगथाम तथा बिद्यालय मानोशिक्षा कार्यक्रम
- समुदाहिक मनोशिक्षा कार्यक्रम
- आप्रबासी प्राश्वचित्र निर्माण कार्यक्रम
- रिटनी संजाल गठन

## मनोसामाजिक परामर्श केशको प्रकार

| | | | |
|---|---|---|---|
| पिर /चिन्ता (Anxiety) | १० | ८ जनाको समाधान | २ जना follow up |
| आत्महत्याको उच्च जोखिम (suicidal Ideation and attempt ) | ३ | ३ जनाको समाधान | 0 |
| दिक्दारिपन (depression ) | ६ | ३ जनाको समाधान | 3 जना follow up |
| सामाजिक लान्छना (Social Blaming) | 1 | 0 | 1 जना follow up |